का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ कात्तिक २०८१,

मंगलबार

29 October, 2024

Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २५३ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com

# मीनबहादुरको दानमा अर्को तगारो

व्यवसायी मीनबहादुर गुरुङले काठमाडौंको कीर्तिपुरमा १० रोपनी १४ आना जग्गामा सुविधा सम्पन्न भवन बनाएर नेकपा एमालेलाई हस्तान्तरण गर्ने घोषणा गरेका थिए । तर सर्वोच्चले यो कार्य अगाडि नबढाउन आदेश गरेको हो ।



गत असोज २५ गते काठमाडौंको कीर्तिपुरमा नेकपा एमालेको मुख्यालय शिलान्यासमा प्रधानमन्त्री केपी शर्मा ओली र व्यवसायी मीनबहादुर गुरुङ दम्पती ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक ।

नेकपा एमालेले मुख्यालयका लागि दानका रुपमा पाउने भनेको जग्गाबारे अनिश्चितता सिर्जना भएको छ । सर्वोच्च अदालतले नै दान लिने र दिने प्रक्रिया रोक्न आदेश गरेपछि यस्तो भएको हो ।

व्यवसायी मिनबहादुर गुरुङले एमालेको मुख्यालयका लागि १० रोपनी १४ आना जग्गा दान दिने भनेका थिए । तर, उक्त जग्गाको नामसारीको प्रक्रिया अगाडि नबढाउन सर्वोच्च अदालतले नै आदेश दिएपछि दानको प्रक्रिया तत्काललाई रोकिएको हो ।

गत असोज २५ गते भाटभटेनीका सञ्चालक व्यवसायी गुरुङ र उनकी श्रीमती सावित्री गुरुङले एमाले पार्टी कार्यालयको शिलान्यास गरेका थिए ।

कात्तिक १ गते अधिवक्ताहरु डा. ज्ञानबहादुर बस्नेत, श्यामकृष्ण मास्के र अर्जुन थापाले दानमा पार्टी कार्यालय बनाउने कार्य गम्भीर भ्रष्टाचारजन्य अपराध भएको भन्दै रोक्न माग गरेर रिट दिएका थिए ।

शुरुमा उक्त रिट सर्वोच्च प्रशासनले दरपिठ गरेको थियो । न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले प्रशासनको निर्णय बदर गरेको थियो । प्रशासनको निर्णय बदर भएसँगै दानमा एमाले कार्यालय बनाउने निर्णयको न्यायिक परीक्षण हुने बाटो खुलेको थियो ।

यसअघि गत बिहीबार न्यायाधीश नहकुल सुवेदीको इजलासमा सुनुवाइका लागि पेसी तोकिए पनि उक्त रिट हेर्न नमिल्नेमा परेको थियो । त्यसपछि सोमबार प्रारम्भिक सुनुवाइ भएको हो । प्रारम्भिक सुनुवाइपछि उक्त रिटमाथि अल्पकालीन अन्तरिम आदेश जारी भएको छ ।

न्यायाधीश सुनिल पोखरेलको इजलासले सोमबार उक्त रिटमाथि सुनुवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो । साथमा अल्पकालीन अन्तरिम आदेशसमेत जारी गरेको हो । अल्पकालीन अन्तरिम आदेश गर्दा सर्वोच्च अदालतले प्रधानमन्त्री केपी शर्मा ओली अध्यक्ष रहेको दल एमालेले गुरुङसँग जग्गा र भवन दान लिने कार्य प्रथम दृष्टिमा नै कानुन अनुकूल नरहेको उल्लेख पृष्ठ २ मा

**निमोनियाबाट बचौं र बचाऔं**

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरिर निलो हुने,

*यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा, त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## भाइटीकाको साइत सार्वजनिक

**काठमाडौं/मस**-नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको साइत सार्वजनिक गरेको छ । यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे भाइटीकाको साइत शुभ रहेको समितिको आजको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए । पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ ।

यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड तिहार कात्तिक १३ गते मंगलबारदेखि शुरु हुँदैछ । मंगलबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइन्छ । यमदीपदान भने कात्तिक १४ गतेदेखि बुधबार परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने समितिले जनाएको छ । आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ ।

कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ । कात्तिक १६ गते शुक्रबार औंशी परेको छ । त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १७ गते शनिबार गाईगोरु पूजा, गोवर्द्धन पूजा, बलि पूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ ।

# रविबारे सांसदहरूबीच घोचपेच

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ परेको विषयलाई लिएर सत्तारुढ र प्रतिपक्षी दलका सांसदहरुले एकअर्काप्रति घोचपेच गरेका हुन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउको विषयले संसदीय समितिमा प्रवेश पाएको छ । प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सत्तापक्ष र प्रतिपक्षका सांसदिहरूले यो विषयलाई प्रवेश गराएका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकमाथिको छलफलमा भाग लिँदै सांसदहरूले रास्वपा सभापति लामिछाने पक्राउको विषय प्रवेश गराएका हुन् । विषय प्रवेश गरउँदै सत्तापक्ष र प्रतिपक्षी दलका सांसदहरूले एकअर्काप्रति घोचपेच गरेका हुन् ।

रास्वपाी सांसद डा. चन्दा कार्की भण्डारीले आफ्नो पार्टी सभापति लामिछानेलाई थुना बाहिर राखेर अनुसन्धान गर्न माग गरिन् । गृहमन्त्री रमेश लेखकसमक्ष उनले रविले प्रमाण नष्ट नगर्ने तथा विदेश पनि नभाग्ने दाबी गर्दै यस्तो आग्रह गरेकी हुन् ।

साथै उनले रास्वपा संसदको चौथो दलको सदस्य भएको पनि स्मरण गराइन । '१२ लाख नेपालीले पत्याएको दलका शुभचिन्तक भेला भएर चिन्तन गर्नु



सामान्य हो' भनले भनिन् ।

रवि लामिछानेको मुद्दा अदालतमा नपुगेको उल्लेख गर्दै प्रहरी हिरासतमा रहँदा पक्राउको विरोधमा प्रदर्शन हुनु पनि सामान्य रहेको बताए । कतिपयले रास्वपाले न्यायलय प्रभावित गर्ने पर्यास गरेको आरोप लगाउने गरेका छन् । तर, आफूहरुले आन्दोलन गलत मनसायले नगरेको उनले बताइन ।

त्यसपछि रास्वपा सांसद कार्कीप्रति अन्य सत्तापक्षका सांसदले घोचपेच गरे । नेपाली कांग्रेस सांसद सरिता प्रसाईंले संसदीय छानबिन समितिले पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### गैरआवासीय नेपाली दिवस, वार्षिक साधारण सभा तथा ग्लोबल कन्क्लेभ २०२४ सफलताका साथ सम्पन्न

# दक्ष जनशक्ति मात्र विदेश पठाउन सरकारसँग एनआरएनएको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ कात्तिक

गैरआवसीय नेपाल संघ (एनआरएनए)ले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दक्ष जनशक्ति मात्र विदेश पठाउन नेपाल सरकारसँग आग्रह गरेको छ । गैरआवासीय नेपाली दिवस, वार्षिक साधारण सभा तथा ग्लोबल कन्क्लेभ २०२४ का अवसरमा आयोजित कार्यक्रममार्फत एनआरएनएले सरकारसँग उक्त आग्रह गरेको हो ।

एनआरएनएले ग्लोबल कन्क्लेभ २०२४ मा विभिन्न ७ सत्रमा प्रस्तुत निष्कर्षहरू सार्वजनिक गर्दै एनआरएनएले गन्तव्य देशको परिवेशअनुसार सचेतना प्रवाह गर्ने, र श्रम सम्झौता भएको देशसँग सम्झौता नवीकरण तथा नयाँ सम्भावित गन्तव्यसँग श्रम सम्झौता गर्न पनि सरकारसँग आग्रह गरेको छ ।

साथै वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्य सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषसँग सहकार्यमा तत्काल आवश्यक संयन्त्र बनाइ कार्यान्वयन गर्न संघ अनुरोध गरिएको छ ।

थाइल्याण्ड, म्यानमार, मलेसिया, फिजी, कम्बोडिया लगायतका देशहरुमा रहेका नेपाली मूलका ५ लाखभन्दा बढी नेपालीहरु नेपाली मूलका विदेशी नागरिक पीएनओएसको पहिचान (परिचयपत्र) का लागि आवश्यक पहल गर्न नेपाल सरकारसँग माग गरिएको छ ।

विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गरी संघीय निर्वाचनमा विदेशबाटै मतदान गर्ने व्यवस्था मिलाउन नेपाल सरकार र निर्वाचन आयोगसँग अनुरोध गरिएको छ ।

बहुसंख्यक नेपालीहरू रहेका पोर्चुगल, क्रोएशिया, रोमानिया, माल्टा, इराक (कुर्दिस्तान), टर्की लगायतका देशहरूमा दूतावास तथा कन्सुलर सेवा स्थापना पृष्ठ २ मा

### कतार पठाइदिन्छु भन्दै ठगी, मलेसियन नागरिकसहित चार जना पक्राउ

**प्रदिप सिंह/मध्यान्ह**
लहान, १२ कात्तिक

रोजगारीको प्रलोभनमा कतार पठाइदिन्छु भन्दै ठगी गर्दै आएको गिरोहको पर्दाफास भएको छ । सिरहा प्रहरीले एक मलेसियन नागरिकसहित चार जनालाई पक्राउ गरेको छ ।

लहान नगरपालिका-४ स्थित गोधुली होटलमा नेपाल सरकारको अनुमति विना रोजगारीको लागि कतार पठाउने बहानामा अन्तर्वार्ता लिँदै गरेका मलेसियाका ५१ वर्षीय मोहम्मद रिजुआन बिन पृष्ठ २ मा

# शिक्षकहरू आन्दोलित

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १२ कात्तिक ।

तलब नपाएपछि शिक्षकहरु आन्दोलित भएका छन् । तिहारको मुखमा प्रथम त्रैमासिक तलब निकासा नभएपछि सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकास्थित सामुदायिक बिधालयहरुमा पठनपाठन प्रभावित हुन पुगेको छ । पालिकाभित्र रहेका विद्यालयका करिब दुई सय शिक्षक/शिक्षिकाहरु कार्यपालिका गेट अगाडि धर्नामा बस्न थालेका छन् । यसकारण पठनपाठन ठप्प भएको हो ।

शिक्षकहरू दुई दिनदेखि धर्नामा छन् । नगरपालिकाको शिक्षा शाखाका प्रशासकीय अधिकृत हरि नारायण साह पठनपाठन प्रभावित भएको बताउँछन् ।




शिक्षक आन्दोलित हुँदा नगरपालिकाको बेथिति सतहमा आएको कतिपयको टिप्पणी छ । तथापि, नगर उपप्रमुख सरिता सिपलिया सामाजिक सुरक्षा भत्ता र कर्मचारीको तलब खुवाउन कसैले अवरोध गर्न नहुने बताउँछिन् । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ कात्तिक २०८१, मंगलबार
29 October 2024, Tuesday

# भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा सरकार प्रष्ट छ : गृहमन्त्री

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा अहिलेको सरकार प्रष्ट रहेको बताएका छन्। सिंहदरबारस्थित प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा गृहमन्त्री लेखकले सरकार भ्रष्टाचार निवारण/नियन्त्रण, भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा प्रष्ट रहेको उल्लेख गर्दै त्यसलाई कार्यान्वयन गर्न भ्रष्टाचारलाई पूर्ण रुपमा निर्मूल गर्न कानून र विधयेक प्रस्तुत गरिएको धारणा राखे । 'प्रस्तुत विधयेक चाँडोभन्दा चाँडो समितिबाट टुंगो लगाएर आगामी अधिवेशनमा पूर्णता दिने कुरामा समितिले काम गरिदेओस भन्ने सरकारका तर्फबाट




आग्रह छ', गृहमन्त्री लेखकले भने, 'यी विधयेक प्राथमिकतामा छन्, तुरुन्त पारित गरेर कानुन बनाउनुपर्छ ।'

विधेयकलाई आउँदो अधिवेशबाट पुर्ण रुपले पारित गरेर कार्यान्वयन गर्न र प्रचलनमा ल्याउन समितिले टुंगोमा पुऱ्याएर संघीय संसदको अधिवेशनमा प्रस्तुत गर्न उनले आग्रह गरे । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन तथा भ्रष्टाचार निवारण ऐनसम्बन्धी ऐनलाई समसामयिक रुपले परिमार्जन र संशोधन गर्न विधयेकहरु प्रस्तुत गरिएका छन्', उनले भने, 'जुन सम्मानित समितिमा विचाराधीन छ ।'गृहमन्त्री लेखकले भ्रष्टाचारलाई न्यूनीकरण गरेर यसमा शून्य सहनशीलताको नीति अवलम्बन गरेर मुलुकमा सुशासनको प्रत्याभूति गर्न सरकार प्रतिबद्ध रहेको बताए। 'यी विधयेकहरु पूर्ववर्ती सरकारबाट प्रस्तुत भएका भए पनि सरकार भनेको अविछिन्न उत्तराधिकारी हो, सरकार अलग/अलग हुँदैन', उनले भने ।

# ७ बुँदे साझा निष्कर्षसहित सकियो सहकारीका सवालसम्बन्धी नीति संवाद

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक

सहकारीका सवालसम्बन्धी दुई दिनसम्म चलेको नीति संवाद कार्यक्रम ७ वटा क्षेत्रमा नीतिगत सुधार गर्नुपर्ने साझा निष्कर्षसहित सम्पन्न भएको छ । कात्तिक ११ र १२ गते दुई दिन ललितपुरमा सञ्चालित कार्यक्रमले ७ बुँदे निष्कर्ष निकालेको छ ।

राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको सहकारीका सवालसम्बन्धी नीति संवादले सहकारीको स्वायत्ततालाई आत्मसात गर्दै संघ संस्थालाई स्वनियमन र सुशासनमा सञ्चालनका लागि नियमनको एकीकृत ढाँचा तयार गर्दै महासंघ र संघहरुलाई जवाफदेही बनाउने नीतिगत व्यवस्था गर्ने निष्कर्ष निकालेको छ ।

सहकारी क्षेत्रमा उठेका नीगितगत कानूनी, संरचनागत तथा वित्तीय एवम् व्यवस्थापकीय सवालहरुको ठोस समाधानका लागि सरकारसहित सरोकारवालाहरुलाई सुझाव दिने उद्देश्यका साथ सरकार, सहकारीकर्मी र सरोकावाला निकायको साझा निष्कर्ष तय गरिएको हो ।

सहकारी व्यवसायमा बाधा पुऱ्याउने ऐन-नियमका दफा संशोधन गर्ने, सहकारीका



प्रवर्द्धनात्मक व्यवस्था सञ्चालन गर्ने, प्रवर्द्धन कोष महासंघमार्फत र स्थिरिकरण कोष प्रभावकारीरुपमा सञ्चालन गर्ने विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिका निर्वाह गर्ने गरी निष्कर्ष निकालिएको महासंघका अध्यक्ष ओमदेवी मल्लले बताइन् ।

'सरकार नपुगेको ठाउँमा सहकारी पुगेको छ । विपद्को समयमा सहकारीले सञ्जीवनी बुटीको काम गरेको छ। जंगलमा बस्ने राउटे, चेपाङदेखि दलित, मुसहर, महिला, अल्पसंख्यक तथा सीमान्तकृत समूदायहरुलाई स्थापित गर्ने, अर्थोपार्जनमा जोड्ने काम सहकारी गरेको छ। तर, केही स्वार्थी समूहका कारण सहकारीको योगदान ओझेलमा परेको छ । सरकार नपुगेको ठाउँमा हामीले गरेका राम्रा कामहरु छायाँमा परेका छन्,' अध्यक्ष मल्लले भनिन् ।

सहकारीको तहगत संरचना पुनरावलोकन गर्ने, क्षमता विकास, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलनमा अनिवार्य गर्ने, सरकार, अभियान र सरोकारवाला निकायका नीति योजनाहरु कोप भिजन २०३० अनुरुप बनाउने, सहकारी संघ-संस्थामा कार्यकालको एकिन गर्न कानूनी व्यवस्था गर्ने निस्कर्षसमेत निस्केको महासंघका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेलले बताए ।

सहकारी विभागको सहआयोजनामा भएको कार्यक्रममा महासंघका पूर्वअध्यक्ष तथा पूर्वमन्त्रीहरु केशव बडाल र दीपप्रकाश बाँस्कोटा, निवर्तमान अध्यक्ष मिनराज कँडेलले मन्तव्य राख्दै सहकारीको मर्म र भावना अनुरुप चल्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको समेत उपस्थिति थियो। सहकारीमा स्वनियमन र सुशासन नियामकीय आवश्यकता कति भन्ने विषयको बोर्डका सहअध्यक्ष दवाडी, सहकारी विभागका पूर्वरजिष्ट्रार केशव रेग्मी, सहकारीको तहगत संरचना सञ्जालीकरण र सेवामा विविधिकरण विषयक कार्यक्रमको अध्यक्षत महासंघका सल्लाहकार खगराज अधिकारी, उपरजिष्ट्रार टोलराज उपाध्यायले कार्यपत्र प्रस्तुत गरेका थिए । त्यसैगरी सहकारीको वित्तीय व्यवस्थापकीय सवाल र सम्बोधनको विषयमा राउण्ड टेबल गरिएको थियो। त्यस सत्रको मोडरेर विकु साकोसका सीईओ माधव पौडेल थिए ।

कार्यक्रमले तय गरेको साझा निकर्षहरु सरोकारवाला निकायमा बुझाउने जनाइएको छ । आइतबार कार्यक्रमको उद्घाटन गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले राष्ट्रको आयआर्जनलाई जनतासँग जोडेर आर्थिक उन्नति गराउने सहकारी क्षेत्रभित्रका चुनौतीलाई क्रमशः समाधान गर्दै दरिलो खम्बाका रुपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सहकारी क्षेत्रका समस्याहरूको समाधान र नीतिगत सुधारका लागि राष्ट्रिय सहकारी महासंघले 'सहकारी सवाल सम्बन्धी नीति संवाद' गरेको बताएको छ ।

# सिंजामा प्राज्ञिक बहस

**मध्यान्ह संवाददाता**
जुम्ला, १० कात्तिक



नेपाली भाषाको उद्गमस्थल सिञ्जामा खस सभ्यताको लोक संस्कृति विषयमा प्राज्ञिक बहस तथा सांस्कृतिक प्रदर्शनी गरिएको छ ।

लोक साहित्य,भाषा,कला संस्कृति,परम्परा, रितिरिवाजको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले जुम्लाको सिंजामा लोकवार्ता परिषद नेपालको आयोजनामा सिञ्जा गाउँपालिका, हिमा गाउँपालिका र कनकासुन्दरी गाउँपालिकाको संयुक्त रुपमा सिञ्जाको नराकोटमो लोकसंस्कृति विषयमा कार्यपत्र प्रस्तुत तथा बहस गरिएको हो ।

त्यस्तै सिञ्जामा प्रस्तुत भएका कार्यपत्रमा डा. शशि थापा पण्डितले खसजातिको उत्पति र सांस्कृतिक प्रभाव, संस्कृतिविद् शितल गिरीले मष्टो र खस जाति, दिलविक्रम आङको, स्थानीय जानकार सिञ्जा गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालको खस मौलिक चाडपर्व र मूल्यवोध, शिक्षक वुद्धिजीवि देवराज धितालको खस सम्पदाहरुको संरक्षणको प्रश्न नेपाल पत्रकार महासंघ शाखा जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीबाट सिञ्जा सभ्यताका परम्परागत सञ्चार माध्यामको विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

लोकवार्ता परिषद नेपालको १३ औं संगोष्ठीको अवसरमा खस सभ्यताका जानकार व्यक्तिहरुको उपस्थितिमा बहस छलफल तथा खस सभ्यताका सांस्कृतिक कलाहरु प्रस्तुत गरिएका छन् ।

सिञ्जाको नराकोटमा आयोजित कार्यक्रममा स्थानीय मागल, वालोनाच, देउडानाच, धामीनाच, रोपाईनाच, सिंगारुनाच, एकल गित लगायतका विभिन्न विषयको कला प्रस्तुत गरिएको थियो।

कनका सुन्दरी गाउँपालिकाको कर्णाली खस सांस्कृतिक मञ्च जुम्लासहित स्थानीय कलाका धनि व्यक्तिले कला प्रस्तुत गरेका थिए। त्यस्तै लोकवार्ता परिषद नेपालका केन्द्रीय अध्यक्ष प्राध्यापक डाक्टर भवेश्वर पंगेनी, सल्लाहाकार प्राध्यापक डाक्टर माधव प्रसाद पोखेल, प्राध्यापक डाक्टर कुसुमाकर न्यौपाने, प्राज्ञ तथा लोकगायक यज्ञराज उपाध्याय, प्राध्यापक डाक्टर धुर्व प्रसाद घिमिरे, मनोहर लामिछाने, डाक्टर शशि थापा पण्डित सहित २२ जना प्राज्ञ व्यक्तित्वहरु र जुम्ला निवासी खोज पत्रकार राजबहादुर कुँवरसहितको टिमले सुर्खेत हुँदै, दुल्लु, कालिकोट, जुम्लाको सिञ्जा, तातोपानीमा प्राज्ञिक बहस गरेको हो ।

उक्त कार्यक्रम कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले सिञ्जा सुन, हिरा र मोतिमाथीको खजना भएकाले यसको संरक्षण तथा गर्न आवश्यक रहेको बताए । उनले नेपाली खस तथा भाषाको उत्पती भएको ठाउँको हाम्रा लोक सम्पदा, संस्कृति, परम्परा पुस्तालाई पनि हस्तान्तरणको लागि पनि लिपिबद्ध गर्न अनुरोध गरे । त्यस्तै कार्यक्रममा हिमा गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाहीले लोकवार्ताका विषयलाई कसरी आधुनिक समयानुकूल प्रयोग र उपयोग गर्ने भन्ने विषयमा पनि विज्ञहरुको सुझाव आवश्यक रहेको बताए ।

त्यस्तै सिञ्जा गाउँपालिका अध्यक्ष पूर्ण प्रसाद धितालले स्थलगत अध्ययन गरेर त्यस ठाउँको लोक वार्ता परिषद नेपालमा आबद्ध कमलका निम्लेले सिंजा सभ्यता के हो भनेर सबैलाई चिनाउने विश्वास ब्यक्त गरे ।

त्यस्तै,कनकासुन्दरी गाउँपालिका अध्यक्ष दामोदार आचार्यले एकमतमा सिञ्जा सभ्यता र संरक्षण विषयमा संघीय सरकार, प्रदेश सरकारले जोड दिनुपर्ने सुझाव दिए। सिंजाको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्वका वस्तु तथा स्थानको संरक्षण र प्रचारप्रसार गर्न आवश्यक रहेको उनको भनाइ छ ।

त्यस्तै सिंजा गाउँपालिका उपाध्यक्ष सितली रोकायाले यी स्थान र वस्तुहरूले समुदायहरूको सांस्कृतिक पहिचानलाई कायम राख्न यो कार्यक्रमले मद्दत गर्ने बताइन् । त्यस्तै लोकवार्ता परिषद नेपालका केन्द्रीय अध्यक्ष भवेश्वर पंगिनीले खस सभ्यता जोगाउन लोकवार्ता परिषद् नेपालको जन्म भएको र यस पटक १३ औं संगोष्ठी कर्णाली क्षेत्रमा गरिएको बताए ।

# शिक्षकको कुर्सी प्रहारबाट विद्यार्थी घाइते

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ कात्तिक

गौर नगरपालिकामा रहेको श्री जुद्ध नमुना माध्यमिक विद्यालयमा प्राविधिक शिक्षातर्फ सञ्चालनमा रहेको आईटी कक्षामा अध्ययनरत एक विद्यार्थीमाथि शिक्षकले कुर्सी प्रहार गर्दा विद्यार्थी घाइते भएका छन् ।

घाइते हुनेमा ईशनाथ नगरपालिकाको वडा नम्बर ९ डुमरियाका उपेन्द्र साहका छोरा श्री जुद्ध नमुना विद्यालयमा प्राविधिक शिक्षातर्फ सञ्चालनमा रहेको आईटी कक्षामा पढ्ने अन्दाजी १८ वर्षीय रितिक रोशन साहमाथि शिक्षकले कुर्सी प्रहार गर्दा साह घाइते भएका छन् ।

सोमबार बिहान ८:३० बजे पढ्न गएका बेला कक्षा कोठामा



प्रधुमन वर्माले प्रोजेक्टर चलाइ कक्षा कोठामा नै सुति रहेको बेला आफुलाई सम्झमा नआएको बताउन जाँदा शिक्षक वर्माले कोठाबाट बाहिर जा भन्दै कराएको र पढाइ दिनुभन्दा एक्कासी सोही ठाउँमा राखेको कुर्सी प्रहार गरेको घाइते साहले बताएका छन् ।

घटना भएपछि प्रहरीलाई खबर पाप्त भए लगतै प्रहरी टोली विद्यालयमा पुग्दा शिक्षक प्रधुमन वर्मा फरार रहेको प्रहरीले जनाएको छ । शिक्षक बर्मा रौतहटकै दुर्गा भगवती गाउँपालिका वडा नम्बर १ पिपरा भलोहिया घर भएको शिक्षक वर्माले कुर्सी प्रहार गर्दा विद्यार्थी साहको टाउकोमा ५ वटा टाका लगाएको डाक्टरले बताए ।

यस विषयमा विद्यालयका प्रधानाध्यापक प्रभास ठाकुरसँग बुझ्दा उनले बताए अनुसार यो विद्यार्थी पहिला पनि विद्यार्थीहरुको झडपमा कुटिएको र अब यो खबर सुनिएको बताएका छन् । प्रधानाध्यापक ठाकुरले यस सम्बन्धमा प्रहरीले अनुसन्धान थालेको भन्दै छानविनमा विद्यालय पनि प्रहरीलाई सहयोग गर्ने बताए ।

# एकीकृत समाजवादी पार्टी भगवानपुर कमिटीद्वारा शुभकामना आदान-प्रदान



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १२ कात्तिक

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी भगवानपुर गाउँपालिका कमिटी सिराहाले दिपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख अतिथिमा एकीकृत समाजवादी पार्टीका, मधेश प्रदेश अध्यक्ष पूर्वमन्त्री राम चन्द्र यादव रहेका थिए ।

कार्यक्रममा विशिष्ट अतिथिमा केन्द्रीय सदस्य तथा पार्टीको जिल्ला अध्यक्ष तथा प्रदेश सांसद प्रमोद कुमार यादव र जिल्ला कमिटी सचिव तथा प्रदेश कमिटीका सदस्य मधेश योगेन्द्र सिंह, राम दयाल यादव, र नेपाली कांग्रेस क्षेत्रीय सचिव श्यामसुन्दर यादव र जिल्ला कमिटी सचिवालय तथा क्षेत्र नं.१ को क्षेत्रीय अध्यक्ष चन्द्र नारायण यादव लगायतको उपस्थिति रहेको थियो ।

### मीनबहादुरको...

गरेको छ । एमालेले जग्गा दान लिने कार्य कानुनविपरीत देखिएको पनि लेखिएको छ ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'प्रधानमन्त्रीको दलले अर्का विपक्षीसँग जग्गा दान लिएको विषय सार्वजनिक चासो र निवेदकजस्ता आमनागरिकसँग सार्थक रुपमा सम्बन्ध जोडिएको विषय हो भन्नेमा अन्यथा मान्नुपर्ने देखिएन। यसरी निवेदकले निवेदन पत्रमा उठाए बमोजिम विपक्षी नेपाल कम्युनिस्ट पार्टी एमालेले अर्का विपक्षी भाटभटेनी डिपार्टमेन्ट कम्पनी प्रालिका सञ्चालक मीनबहादुर गुरुङबाट काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. २ मैत्रीनगरमा १० रोपनी १४ आना जग्गा दान प्राप्त गरेको भन्ने कार्य प्रथम दृष्टिमा नै राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ३८ (३) र ३८ (६) को व्यवस्था अनुकुल नदेखिनु ...।'

एमालेको जग्गा दान लिने कार्य राजनीतिक दलसम्बन्धी ऐनकै दफा ३८ (५) मा भएको 'आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न हुँदैन' भन्ने व्यवस्थाको विरुद्ध रहेको पनि आदेशमा उल्लेख छ ।

'सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शिता नहुने, निर्वाचन लगायत प्रक्रियाहरू प्रभावित भई अनुचित लेनदेनको अवस्था सिर्जना हुनसक्ने...' आदेशमा लेखिएको छ ।

यस्तो ब्याख्या गर्दै सर्वोच्चले तत्कालका लागि उक्त जग्गामा कुनै कामकारबाही नगर्नू/नगराउनू भनी अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । अन्तरिम आदेशका लागि रिट निवेदक तथा विपक्षीहरू एमाले र मीनबहादुर गुरुङलाई कार्तिक २६ मा छलफलमा बोलाएको छ ।

### रविबारे...

प्रतिवेदन बनाएपछि सरकारले त्यसको कार्यान्वयन गरेको बताइन ।

उनले भनेकी छन्, 'उहाँलाई भ्रष्टाचारी पनि भनेको छैन। योभन्दा अघि धेरै मान्छेहरूलाई मुद्दा लागे, जेल गए । कसैले आन्दोलन-जुलुस गरेन । मुख छाडेर हिँडेको सुनेको छैन। कानुनभन्दा माथि कोही छैन भनेर कानुनलाई पर्खनु पर्छ ।'

सत्तारुढ नेकपा एमाले सांसद रघुजी पन्तले पनि कार्कीको भनाइप्रति आपत्ति जनाए। १२ ला भोट ल्याएको भनेर अनुसन्धान नै हुन नहुने माग उचित नरहेको बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएका व्यक्तिहरूमा पूर्वगृहमन्त्रीहरू उल्लेख्य रहेको टिप्पणी गरे । रास्वपा सांसद चन्दा कार्की भण्डारीलाई जवाफ दिने क्रममा पन्तले पूर्वगृहमन्त्री खुमबहादुर खड्का, गोविन्दराज जोशीलगायतको नाम लिँदै चुनावमा धेरै मत ल्याउँदैमा उसले भ्रष्टाचार गर्दैन भन्न नसकिने बताए ।

सांसदहरूका प्रश्नको जवाफ दिँदै गृहमन्त्री रमेश लेखकले कुनै पनि आपराधिक कार्यको अनुसन्धान मानिसको मुख हेरेर नभइ तथ्य र प्रमाणका आधारमा हुने बताए ।

रास्वपा सभापति रवि लामिछाने सहितका मुद्दा लक्षित विषयमा उठेको प्रश्नका सन्दर्भमा उनले यस्तो जवाफ दिएका हुन् । रवि लामिछाने सहकारी ठगी प्रकरणमा पक्राउ परेका थिए । लामिछाने यही कातिक २ गते पक्राउ परेका थिए।

कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो । त्यसआधारमा काठमाडौंको चमतीस्थित पार्टी कार्यालय परिसरबाटै लामिछानेलाई प्रहरीको केन्द्रीय अनुसिन्धान ब्युरो (सीआइबी)ले पक्राउ गरेको थियो । कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका थिए । रवि लामिछानेविरुठ ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान चलिरहेको छ। संगठित अपराध सम्बन्धी कसुरमा अनुसन्धानका लागि प्रहरीले हिरासतमा राख्न पाउने ६० दिनको हदम्याद हुन्छ भने सम्पत्ति शुद्धीकरणमा ९० दिनको हदम्याद रहन्छ ।

### दक्ष...

गर्न नेपाल सरकारलाई अनुरोध गरिएको छ ।

एनआरएनएले विदेशमा रहेका युवा पिँढी र दोस्रो पुस्तालाई देशसँग जोड्न आवश्यक नीति नियम बनाउन आग्रह गरेको छ। यस्तै वंशजको नागरिकताको निरन्तरता हुनुपर्ने आफूहरुको अपेक्षा भएतापनि केही हदसम्म गैरआवासीय नेपाली नागरिकता वितरण प्रक्रियाले सकारात्मक सन्देश दिएको उक्त निष्कर्षपत्रमा उल्लेख गरिएको छ । तर नेपालको संविधान २०७२ को धारा १४ को कार्यान्वयनमा नागरिकता ऐन २०६३ र नागरिकता नियमावली २०६३ संशोधनपछि पनि गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयन नहुँदा गैरआवासीय नेपालीहरूमा निराशा थपिएको उल्लेख गरेको छ। गैरआवासीय नेपाली नागरिकता प्रयोजनका लागि आवश्यक कानूनहरु एकमुष्टरुपमा संशोधन यथासक्य चाँडै गर्न अनुरोध गरिएको छ ।

यसका साथै नेपालमा सम्पत्ति (विशेषतः पैतृक सम्पत्ति) प्राप्त तथा खरिद गर्न मालपोत कार्यालयहरूमा आवश्यक परिपत्र जारी गरी जग्गाधनी प्रमाणपत्रमा गैरआवासीय नेपाली नागरिकताको विवरण समावेश गर्ने प्रक्रिया सहज बनाउन आग्रह गरिएको छ ।

एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड सञ्चालनको अन्तिम चरणमा रहेको छ। गैरआवासीय नेपालीको साना तथा मझौला लगानीलाई नेपालमा ल्याउन नेपाल सरकार, अर्थ मन्त्रालय, उद्योग तथा वाणिज्य आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्डको सहयोगप्रति आभार व्यक्त गर्दै, अन्य कानूनी सुधारका लागि अपेक्षा व्यक्त गरिएको छ । यसबाट रोजगारी सिर्जना, उद्यमशीलता, पूर्वाधार विकास, र जीवनस्तर उकास्न मद्दत विश्वास लिइएको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) नेपाललाई विश्वस्तरीय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको उल्लेख गरिएको छ । यसलाई साकार बनाउन सशक्त साझेदारी, प्रभावकारी नीति सहयोग र डिजिटल प्रवर्द्धनलाई प्राथमिकता दिँदै नेपालमा रहेका पूर्वाधार, सुरक्षा, हवाई सेवा र अन्य चुनौतीहरूको समाधानका लागि सम्बन्धित निकायहरूसँग सहकार्य गर्न आह्वान गरिएको छ । गैरआवासीय नेपाली नागरिकलाई आन्तरिक उडानमा विदेशी सरह कायम गरिएको हवाई भाडादर नेपाली नागरिक सरह गर्न अनुरोध गरिएको छ । जलवायु परिवर्तनले महिला तथा बालबालिकालाई पारेको नकारात्मक असर न्यूनीकरण लागि नेपाल सरकारसँग आवश्यक नीति नियम निर्माणका लागि आग्रह गर्दै गैरआवासीय नेपाली संघ महिला तथा बालबालिकाको क्षेत्रमा नेपाल सरकारसँग जलवायु परिवर्तनको असर न्यूनीकरणको क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

समानताको माग गरिरहेका पूर्व गोर्खाज्हरुको मागप्रति यो कन्क्लेभ एक्येबद्धता जाहेर गरिएको छ । नेपाल सरकार र बेलायत सरकारबीच जारी जीटुजी वार्ता विभिन्न कारणबस तार्किक निष्कर्षमा नपुगिरहेकोले परराष्ट्र मन्त्रीस्तरीय वार्ताको वातावरण निर्माण गर्न नेपाल सरकारसँग अनुरोध गरिएको छ। जीटुजी वार्ता समूहमा गैरआवासीय नेपाली संघ अन्तर्गतको गोर्खा टाक्सफोर्सका प्रतिनिधिलाई संलग्न गराउन नेपाल सरकारसमक्ष अनुरोध गरिएको छ ।

### कतार...

अब्दुल्लाह, लहानका ४२ वर्षीय रामा शंकर यादव, २५ वर्षीय राम भरत यादव र ३९ वर्षीय सूर्य नारायण दासलाई प्रहरीले शनिबार राति नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी बीरेन्द्र कुमार पासवानले जानकारी दिएअनुसार, उनीहरुले कतारमा रोजगारीको प्रलोभनमा ठगी गर्दै सर्वसाधारणबाट रकम असुलिरहेका थिए । गोप्य सूचना पाएपछि प्रहरीले छापा मारेर चारै जनालाई नियन्त्रणमा लिएको र उनीहरूमाथि कानूनी कारबाही प्रक्रिया अघि बढाइएको छ ।

अनुसन्धानको क्रममा यस गिरोहले अन्य क्षेत्रहरूमा पनि यस्तै बहानामा ठगी गरेको सम्भावना रहेको प्रहरीले जनाएको छ। डीएसपी पासवानले भने, 'अहिले अनुसन्धान जारी छ । सम्भवतः यो गिरोहले जिल्लाका अन्य ठाउँमा समेत यस्तै कार्य गर्दै आएको छ। अनुसन्धानपछि थप विवरणहरू सार्वजनिक गरिनेछ ।'

### शिक्षकहरू...

'कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ता नियमित निकासा हुन नसक्दा दुख लागेको छ' उनी भन्छिन्, 'मैले आश्वासन दिएको छु, आन्दोलनरत शिक्षकहरु काममा फर्किनुपर्छ ।' कार्यपालिका बैठकमा कर्मचारी तलब र सुरक्षा भत्ताहरु नियमित निकासा हुनुपर्ने आफूले बताएको उनले सुनाइन् ।

हनुमाननगर कंकालनी नपा-१ भारदहस्थित रहेको आधारभूत बिद्यालयका प्रधानाध्यापक अशोक कुमार यादव नेतृत्वमा आन्दोलन परिचालन समितिले आइतबारदेखि धर्ना शुरु गरेको हो । नगरकार्यपालिका अगाडि दिनहुँ धर्नामा बसिरहेका उनीहरूले तलब निकासा गर्ने माग राखेका छन् । सामुदायिक विद्यालयमा पठनपाठन नै अवरोध हुने गरी आन्दोलनमा रहेका उनीहरूको आवाज निकायसम्म पुगेका छैनन् ।

स्थानीय सरकारका कर्मचारी र लाभान्वित नागरिकप्रति जनप्रतिनिधि उत्तरदायी नहुँदा स्थानीय तहमा सुशासन नरहेको आभास भएको हनुमाननगर कंकालनी नपा-९ बस्ने रवि शर्मा बताउँछन् । उनका अनुसार पालिकाले समयमा परिषद गर्न नसक्दा कर्मचारीहरु तलब पाउन नसकेका हुन् । सामाजिक सुरक्षा भत्ताहरु वितरण हुन सकेका छैनन् ।

हनुमाननगर कंकालनी नगरपालिका-१४ रम्पुरा मल्हनियाँस्थित राष्ट्रिय माध्यमिक विद्यालयकी शिक्षिका भिम कुमारी पुलामीको दिनचर्या नै फेरिएको छ। समयमा विद्यालय पुग्ने उनी हाल धर्नामा बस्न जान्छिन् ।

चार महिनाको तलब खान नसक्दा जीवनयापनमै असर पारिरहेको उनी बताउँछिन् ।

उक्त पालिकाबाट स्वयंसेवक शिक्षिकाको रुपमा करार सेवामा रहेकी उनी जनप्रतिनिधि उपर आक्रोश पोख्छिन् । उनी जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउँछिन् । छिटोभन्दा छिटो हामीलाई तलब खुवाउनुपर्ने बताउछिन् ।

'हामीलाई अतिरिक्त आमदानीको कुनै स्रोत छैन । शिक्षण पेशामा नै निर्भर रहेको छु। यस्तो परिस्थितिमा हाम्रो तलबभत्ता रोकिनुले कठिनाइ उत्पन्न हुने गरेको छ । तसर्थ हाम्रो तलब रोकेर स्थानीय सरकार सिंह जुधाइ नगरियोस्,' उनले भनिन् । स्थानीय सरकारलाई शिक्षा क्षेत्रको हर्ताकर्ताको रुपमा कानूनी हैसियत दिएपछि मुलुकका शिक्षकहरु बेलाबेलामा बिचल्लीमा पर्ने गरेको आन्दोलनरत शिक्षकहरु बताउँछन् । उनीहरूका अनुसार संघीय संरचनामा आफूहरु सास्ती खेप्नुपरिरहेको गुनासो सुनाउँछन्। स्थानीय तहमा सिंह दरबार आएपछि गाउँले राजाहरूको जन्मबाट जनता आजित रहेको बताउँछन् ।

**यूएईमा रोजगार**

कम्पनी: ROYAL CATERING SERVICES- LLC
पूर्व स्वीकृत मिति: २०८१/०७/०८ चलानी नं.: ६०२२७१२०
शहर: ABHU DHABI
L.T. No.: 312681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/labourer | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker/kitchen Helper | 25 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 3. | Restaurant Worker Baker | 25 | 0 | | 1200 | ४३,८६० | | | | | | | |
| 4. | Waiter | 50 | 0 | | 1200 | ४३,८६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २० गते (5 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# शुद्ध खानेपानीको पहुँच घरघरमा पुऱ्याउने मन्त्री राणाको प्रतिबद्धता

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
दाङ, १२ कात्तिक



खानेपानी तथा शहरी विकास मन्त्री मन्त्री सरोज थापा रोजले आमनागरिकको घर-घरमा शुद्ध खानेपानीको सहज पहुँच पुऱ्याउने गरी काम गर्न निर्देशन दिएका छन् ।

खानेपानी तथा शहरी विकास मन्त्रालयले दाङको देउखुरीमा आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ को प्रथम समीक्षा गोष्ठीमा मन्त्री थापाले हरेक नागरिकलाई शुद्ध खानेपानीको पहुँचमा ल्याउनु र ठूला सहरहरुलाई सफा शुन्दर बनाउने जिम्मेवारी मन्त्रालयको भएको बताए ।

'जनताको शुद्ध खानेपानी पिउने सपना जनप्रतिनिधि कर्मचारी सबै मिलेर पूरा गर्नुपर्छ । यस क्षेत्रमा आवश्यक पर्ने बजेटका लागि मैले हर सम्भव प्रयास गर्नेछु' उनले भने ।

मन्त्री थापाले जलवायु परिवर्तन लगायत कारण तराई लगायत क्षेत्रमा खानेपानीका स्रोत सुक्दै जानु चिन्ताको विषय भएको भदै यसता खालका समस्याको दीर्घकालीन समाधानका लागि काम गर्नुपर्ने आवश्यकता रहेको बताए ।

'जलवायु परिवर्तनका कारण तराईका क्षेत्रमा चैत वैशाख जेठमा चापाकल सुकेर पानी आउन बन्द हुने गर्छ, आकाशे पानी परेका बेला पानी आउने गरे पनि फेरि चापाकल सुक्ने समस्या छ । पहाडका जिल्लामा खानेपानीको समस्या छ' उनले भने 'यस्ता समस्या समाधान गरी सबै क्षेत्रका जनतालाई शुद्ध पानी खुवाउनु लुम्बिनी प्रदेश सरकाको दायित्व हो ।'

मन्त्री थापाले गरिब, निमुखा तथा दिनभरि मजदुरी गरी पेट पाल्दै आएका नागरिकलाई कसरी शुद्ध खानेपानी वितरण गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिन लुम्बिनी प्रदेशका १२ जिल्लाका कार्यालय प्रमुखलाई निर्देशन दिए । उनले भने, 'यो सरकारको नेतृत्व मुख्यमन्त्री चेतनारायण आचर्यले गर्नुभएको प्रदेश सरकार हो । अब हामीले सरकारको निर्देशन अक्षरसः पालना गरी हाम्रो कामको स्पष्ट प्रतिफल देखिने गरी काम गर्नुपर्छ ।'

मन्त्री थापाले योजनाको अनुगमन गर्दा जनताका कुरा सुन्दा थप ऊर्जा प्राप्त भएको र अब उक्त कुराहरू कार्य सम्पादनमा देखिने गरी आफ्नो कार्यकालमा काम गर्ने र सबैको घरमा धारा पुऱ्याएर छाड्ने बताए ।

मन्त्री थापाले बजेट अभावका कारण मन्त्रालयले सोचे अनुसारको काम गर्न नसकेको भन्दै उनले खानेपानी मन्त्रालयको एक घर एक धारा नीतिलाई कार्यान्वयन गर्नका लागि मन्त्रालय प्रतिबद्ध रहेपनि बजेटको समस्या हुने गरेकोले अब बजेटका विषयमा आफुहरु घनिभूत लागि परेको बताए ।

कार्यक्रममा मन्त्रालयका सचिव वासुदेव पाण्डे, मन्त्रालयका महाशाखा प्रमुख गुणानिधि पोखेल लगायतले खानेपानी सहरी विकास मन्त्रालय मातहतका कार्यालय प्रमुखहरुसँग छलफल गरेका थिए । कार्यक्रममा १२ जिल्लाका खानेपानी डिभिजन कार्यलय र शहरी विकास मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुखहरुको सहभागीता थियो ।

# सिंजा गाउँपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ कात्तिक



सिंजा गाउँपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१मा सम्पादन गरेको कामको प्रभावकारीता तथा नागरिकको सन्तुष्टी तथा गुनासो सुनुवाइ गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो ।

त्यस्तै गाउँपालिकाले हरेका वर्षमा आयोजना गरिएका योजना तथा प्रदान गरिएका सेवाको पादर्शीता सुनिश्चित गर्नका लागि सार्वजनिक सुनुवाइ गर्ने गरेको सिंजा गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत टेक बहादुर शाहीले बताए ।

उनका अनुसार गाउँपालिकाको आयोजनामा र आधुनिक महिला जागरण प्रालिको सहजीकरणमा सार्वजनिक सुनुवाइ कार्यक्रमको गरिएको हो ।

उनले भने,'आव २०८०/८१ मा अनुमानित आय ३९ करोड ९९ लाख २३ हजार ४ सय ४७ थियो भने कुल आम्दानी ३७ करोड १८ लाख ९२ हजार ६ सय ८८ मात्र रहेको थियो ।'

त्यस्तै कुल खर्च ३३ करोड ८७ लाख ९३ हजार ४३ थियो भने,सशर्त अनुदानतर्फ फिर्ता रकम १ करोड ३२ लाख ३ हजार ७ सय ६९ रुपैयाँ थियो । त्यस्तै चालु आव २०८१/०८२ मा १ करोड ९८ लाख ९५ बजार ८ सय ७६ रुपैयाँ विनियोजन भएको छ ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शाहीले वार्षिक योजना तथा कार्यक्रमको बारेमा जानकारी दिए ।

त्यस्तै नेपाली कांग्रेसका जिल्ला कमिटी सदस्य नन्दराम बुढाले पारदर्शी गाउँपालिकाका सबै कामहरु हुनुपर्ने बताए । उनले सार्वजनिक सुनुवाइ गर्नु महत्वपूर्ण रहेको बताए ।

त्यस्तै सार्वजनिक सुनुवाइमा उपस्थित नागरिक, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिले पालिकाको बजेट तथा सेवा प्रवाहका विषयमा प्रश्न गरेका थिए ।

त्यस्तै कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालले सेवाग्राहीका गुनासालाई स्वागत गर्दै गाउँपालिकाले आगामी दिनमा सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउने प्रतिबद्धता गरे । उनले आगामी दिनमा नागरिक असन्तुष्टिहरुको सम्बोधन गर्ने र पालिकाको सेवालाई प्रभावकारी बनाउने बताए ।

त्यस्तै सिंजा गाउँपालिकाका अध्यक्ष धितालले आफूहरु सकेसम्म गाउँपालिकाको स्रोत र साधनको समुचित प्रयोग गरी विभिन्न योजना अगाडि सारेर काम गरिरहेको बताए ।

उनले आफुहरुका काममा आशिंक सन्तुष्टि र आशिंक असन्तुष्टि रहेको छ । उनले जनप्रतिनिधि र कर्मचारीहरुलाई गुनासोहरुको सम्बोधन गरी कार्य सम्पादन गर्न निर्देशन दिए ।

सिंजा गाउँपालिकाका उपाध्यक्ष सितली रोकायले गाउँपालिकाले धेरै काम गर्ने सोच बनाएपनि आन्तरिक स्रोत कमजोर हुँदा कतिपय योजनाहरु अगाडि बढाउन नसकेको बताइन् । उनले नगारिक सेवाप्रवाहलाई गुनासोरहित बनाउने कोसिसमा गर्दै आएको बताइन् । गाउँपालिकाका सबै शाखाले वार्षिक प्रतिवेदन प्रस्तुत गरेपछि प्रतिवेदनका आधारमा तथा नागरिकको प्रतिवेदनको आधारमा पालिकोको सेवाको विषयमा सवाल जवाफ भएको थियो ।

# बहुवर्षीय र क्रमागत आयोजनाको भुक्तानीमा समस्या छैनः मुख्यमन्त्री आचार्य




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ कात्तिक

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गत वर्षको दायित्व भुक्तानी शुरु भएको बताएका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघका प्रतिनिधिहरुसँग सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा बहुवर्षीय र क्रमागत आयोजनाको भुक्तानी शुरु गरिएको जानकारी दिए ।

संघीय सरकारले वित्तीय समानीकरण अनुदान नपठाउँदा प्रदेशमा दायित्व थपिएको, निर्माण व्यवसायीले पनि समयमा काम सम्पन्न नगर्दा जटिलता उत्पन्न भएको उल्लेख गरे । 'संघीय सरकारले पठाउनुपर्ने अनुदान पठाएन । त्यसले भुक्तानीको दायित्व थप्यो । त्यसमा पनि निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगर्दा पनि अप्ठ्यारो भएको हो'उनले भने,'सरकारले वहुवर्षीय र क्रमागत आयोजनाको भुक्तानी शुरु गरिसकेको छ । समस्या भएको भनिएको साल वसाली र सम्पन्न भएक योजनाको हो ।'

निर्माण व्यवसायीले इमानदारी भएर काम सम्पन्न गर्नुपर्ने, समयमा काम सम्पन्न नगर्ने व्यवसायीलाई कानून अनुसार दण्डित गरिने बारेमा समेत स्पष्ट पारेका छन् ।

संघीय सरकारले गत वर्ष दुई अर्ब १० करोड समानीकरण अनुदान नपठाउँदा समस्या परेको छ । योजना कार्यान्वयन गरेको आधारमा जेठ महिनाभित्र भुक्तानी लिन समेत आग्रह गरे । 'काम सम्पन्न गर्नु भएको छ । तर, भुक्तानी लिन किन असार २५ गतेनै कुनुपऱ्यो ?' नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले निर्माण व्यवासायीहरुले भोगेका समस्याहरु समाधान गर्नेगरी प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए । उनले भुक्तानी रोकिएको बारेमा ध्यानाकर्षण गराउँदै छिटो भुक्तानीको लागि आग्रह गरेका थिए । नेपाल निर्माण व्यवसायी महासंघ केन्द्र, प्रदेश र जिल्ला तहका नेतृत्वहरुसँग मुख्यमन्त्री आचार्य, भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, प्रमुख सचिव महादेव पन्थ, सचिव ईश्वरराज पौडेल, कृष्ण पौडेल लगायतले छलफल गरेका थिए ।

प्रदेश प्रयोगशाला

लुम्बिनी प्रदेशमा निर्माण सामग्रीको गुणस्तरीय परीक्षणका लागि प्रयोगशाला स्थापना गरिएको छ । प्रदेश सरकार र निर्माण व्यवसायसीको संयुक्त लगानीमा प्रयोगशाला स्थापना गरिएको छ ।

यो प्रयोगशाला सरकारी र निजी क्षेत्रको साझेदारीमा सञ्चालनको योजना बनाइएको छ । निर्माणको कामलाई गुणस्तरीय बनाउन प्रदेश स्तरीय प्रयोगशाला भालुबाङमा स्थापना गरिएको छ । जसमा प्रदेश सरकारको एक करोड र निर्माण व्यवसायी महासंघको ९० लाख लगानी छ ।

# 'केही स्वार्थी व्यक्ति पार्टी छोडेर जाँदैमा पार्टी कमजोर हुँदैन'




**मध्यान्ह संवाददाता**
रौतहट, १२ कात्तिक

जनता समाजवादी पार्टी नेपालको केन्द्रीय महासचिव एवं मधेश प्रदेशका पूर्व मुख्यमन्त्री मोहमद लालबाबू राउत गद्दीले जनता समाजवादी पार्टी नेपाल फुटेको होइन केही पदको लोभी व्यक्ति पार्टीबाट बाहिर गएको बताएका छन् । उनले केही स्वार्थी व्यक्ति पार्टी छोडेर जाँदैमा पार्टी कमजोर नहुने बताए ।

जिल्लाको बौधिमाई नगरपालिकाको भुवाली चौकमा जनता समाजवादी पार्टी नेपाल बौधिमाई नगर कार्य समितिले आयोजना गरेको विस्तारित बैठक तथा शुभकामना आदान प्रदान कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै महासचिव गद्दीले वर्तमान प्रदेश सरकार पूर्व प्रदेश सरकारले ल्याएको लोकप्रिय कार्यक्रमलाइ समाप्त पार्ने कार्यमा लागेको आरोप लगाए ।

जनता समाजवादी पार्टी नेपालको नेतृत्वमा रहेको सरकारले मधेश प्रदेशका जनताको लागि ल्याएको बेटी पढाउ, बेटी बचाऊ, छोरी बीमा कार्यक्रमलाई जनमत पार्टी नेतृत्वको सरकार असफल बनाएको दावी समेत गरे ।

पूर्व मुख्यमन्त्री राउतले ७ प्रदेशमा आफ्नो नेतृत्वको सरकार स्थायी रुपमा ५ वर्ष रहेको र लोकप्रिय कार्यक्रम समेत सञ्चालन गरेको भन्दै अहिलेको सरकार भ्रष्टाचार अनियमिततालाई बढावा मात्र दिएको टिप्पणी समेत गरे ।

कार्यक्रममा पूर्व कृषि राज्य मन्त्री योगेन्द्र यादवले नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालमाथि व्यंग्य गर्दै काम कम र प्रचार बढी गर्ने कार्य गरिरहेको बताए । मधेशी भएको भन्ने पूर्व प्रधानमन्त्री समेत रहेका नेपालले पार्टीमा मधेशी सांसदलाई कुनै महत्व नदिने गरेको टिपण्णी गरे ।

पूर्व प्रदेश सांसद राम किशोर यादवले जनता समाजवादी पार्टी नेपाललाइ कमजोर बनाउने जति सुकै प्रयास गरेपनि सफल नहुने बताए । बौधिमाई नगरपालिकाका पूर्व नगर प्रमुख राजीव रंजन, राजु यादवले वर्तमान नगर प्रमुख प्रदीप यादव विकास निर्माणका काम भन्दा बढी सामाजिक सद्भाव बिगार्ने कार्यमा बढ़ी सक्रीय रहेको आरोप लगाए ।

नगर अध्यक्ष हृदय नारायण यादवको सभापतित्वमा सम्पन्न भएको शुभकामना आदान -प्रदान कार्यक्रममा केन्द्रीय सदस्य चुल्हाई राय यादव, पूर्व जिल्ला समन्वय समितिका उपाध्यक्ष राम बशिष्ठ यादव, जिल्ला अध्यक्ष श्याम विहारी यादव, दिलीप पटेल लगायतका नेताहरुले संगठन निर्माणको कार्यलाइ तीव्रता दिन जोड दिएका थिए ।

# तनहुँको आँबुखैरेनीबाट सयपत्री फूल कतार भित्रिँदै

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ कात्तिक



फूलै-फूलको पर्व अर्थात् नेपालीहरूको महान् दोस्रो ठूलो रङ्गिन पर्व तिहारले गाउँ, सहर र विदेशमा बस्ने नेपालीहरूलाई छपक्क छोपिसकेको छ ।

नेपालमा व्यावसायिक रूपमा फूल खेती गर्दै आएका किसानलाई फूल टिप्न भ्याई/नभ्याई छ भने कतिपय फूलका मालाहरू विदेश निर्यात हुन तयारी अवस्थामा रहेका छन् ।

वैदेशिक रोजगारी तथा व्यवसायका लागी कतार पुगेका नेपालीहरूलाई लक्षित गर्दै अल नहरिन ट्रेडिङ कम्पनी मार्फत मखमली र सयपत्री फूल कतार बासी नेपाली समक्ष पुऱ्याउने तयारीलाई अन्तिम चरणमा पुऱ्याएका छन् ।

विदेशमा पनि फूलको बजार र आम्दानीको सम्भावना प्रशस्तै भएको र नेपाल बाहिरको मिनी नेपालमा बस्ने नेपालीलाई लक्षित गर्दै स्वदेशी उत्पादनलाई विदेशी बजारमा पुऱ्याउन तनहुँको आँबुखैरेनी गाउँपालिकामार्फत खरिद गरी कतारको बजारमा ल्याउन लागिएको हो ।

दोहाको रैयानमा रहेको अल नहरिन सुपर मार्केटले सयपत्री फूलको बिक्री गर्नेछ भने आवश्यकता हेरेर सशुल्क होम डेलिभरी पनि तयारी बिक्रेताले गरेका छन् । फूलको साइजअनुसार १ मिटरको मालाको बजार मूल्य २० देखि २५ रियाल कायम गरिएको छ । तिहारलाई मात्र लक्षित नभएर अन्य समयमा समेत नेपाली फूललाई निरन्तरता दिने उनीहरूको योजना छ । कतारमा हुने विभिन्न कार्यक्रममा समेत फूलको प्रयोग गर्ने हो भने नेपालमा उत्पादन भएका फूल र फूल खेती किसानलाई टेवा पुग्ने विश्वास व्यवसायीले लिएका छन् ।

मालाको लागि कविता खत्री ३०८६३३१०, अम्बिका पौडेल ३०९४३४४९२ र केशव कार्की ५५८२६५७७ मा सम्पर्क गर्न सकिने बताइएको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७५/०८/१८ मा दर्ता भएको दर्ता नं. २७२ को **सप्तरङगी फाउण्डेशन-नेपाल** को मिति २०८१/०७/०९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ३८७, फोन नं. ९८५११६३७२३**



## सूचना सूचना सूचना

यस स्टार रे ओभरसिज प्रा.लि. को कर्मचारी मिलन थापा आजको मिति २०८१/०७/१२ गते देखि कामकाज छोडेकोले आजको मितिबाट निज मिलन थापा माथि कुनै उजुर वाजुर भए यसै सूचना मार्फत ३५ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गर्दछौं, अन्यथा कुनै उजुर बाजुर लाग्ने छैन भनी यो सूचना प्रकाशित गरिन्छ ।

श्रम इजाजत नं २८१/०५८/०५९

**स्टार रे ओभरसिज प्रा. लि.**
नख्खु दोबाटो, रिङरोड, ललितपुर, पोष्ट बक्स नं. १२४८१, फोन: ५१९०१११, ५१९०११२, फ्याक्स: ५१९०११०
E-mail: starray281@gmail.com.np | Web: starrayoverseas.com.np



## बोलपत्रद्वारा काठ लिलाम विक्रि सम्बन्धी सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति २०८१/०७/१३ गते**

श्री सुरपाल ब्रहमदेव हराभरा सा.व.उ.स. पाटन-१०, बैतडीको स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था भए अनुसार आ.व. २०८०/०८१ मा नियमानुसार कटान मुछान भई घाटगद्धी गरी राखेको तपशिल बमोजिमको वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना समूहको कार्यालयमा टाँस गरिएको छ र विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**तपशिल**

| जात | रुख संख्या | गोलिया संख्या | ग्रेड | परिमाण (क्यू.फिट) |
|---|---|---|---|---|
| खोटे सल्ला | २४ | ७९ | ए | १६०३.३४ |
| | | ३६ | बि | ३२०.३१ |
| | जम्मा | ११५ | | १९२३.६५ |



"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ति गरुन भुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

## भावपूर्ण श्रद्धाञ्जली

जन्म
२००७ बैशाख ३१



स्व. तुला बहादुर के. सी.

स्वर्गारोहण
२०८१ कार्तिक १

यस टाइम्स म्यानेजमेन्ट सिस्टम प्रा. लि. का सल्लाहकार श्री शंकर बहादुर के.सी. का पुजनीय पिता **तुला बहादुर के. सी.** को असामयिक स्वर्गारहण भएको आज १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै, यस दुखद घडीमा भगवान्ले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

TMS **टाइम्स म्यानेजमेन्ट सिस्टम प्रा. लि., परिवार**
बाँसबारी, काठमाडौं



## बहराइनमा रोजगार

कम्पनी: HOUSEBOAT — पूर्व स्वीकृत मितिः २०८१/०३/०४ — शहर: Bahrain — चलानी नं.: ६०२२१४४४ — पुनः विज्ञापन — LT. No.: 306690

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५३,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 0 | | 140 | ४९,८४७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २० गते (5 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.**
Easy Overseas — Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539



## साउदीमा रोजगार

कम्पनी : SOHOOL HAJAR TRADING COMPANY — पूर्व स्वीकृत मितिः २०८१/०७/०९ — चलानी नं.: ६०२२७२६३ — शहर : Al Hassa — L.T. No.: 312802

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioner-pastry-cook | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कार्तिक २० गते (5 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रु. २८१२ कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले तिर्ने |

